## नेपालमा प्रभावकारी विपद् जोखिम न्यूनीकरणको लागि

# पूर्वानुमानमा आधारित अग्रिम कार्य-नीति संक्षेप



OXFAM




**पूर्वानुमानमा आधारित अग्रिम कार्य - नीति संक्षेप, २०२३**

**© Oxfam in Nepal, 2024**

**लेखन**
राम गुरूङ्
सन्तोष शर्मा

**समिक्षा**
प्रकाश काफ्ले
विमल खतिवडा

**पहिलो पटक प्रकाशन - २०२४ अगष्ट**

**डिजाइन तथा प्रिन्ट**
पेन्टाग्राम प्रा. लि.

कभर फोटोः सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा बाढी सिमुलेशन अभ्यासमा समुदायका सदस्यहरू सहभागी  हुदै । फोटोग्राफरः पुन वाइ नाङ / अक्सफाम

# पृष्ठभूमि

भौगोलिक विविधताले भरीपूर्ण दक्षिण एसियाली मुलुक नेपालमा, हिमालको उच्च चुचुरादेखि तराईको समतल भू-भागसम्मको विविध प्रकारका भौगोलिक स्थिति देख्न पाइन्छ । भौगोलिक अवस्थाको विशिष्ट विविधताले उल्लेखनीय रूपमा विपद् जोखिमको सम्भावनालाई पनि निम्त्याएको छ । सामाजिक-आर्थिक, वातावरणीय र विकासका असरहरूले गर्दा जलवायुजन्य प्रकोपहरु तथा भूकम्पबाट हुने जोखिममा बृद्धि भएको छ । सेण्डाई कार्यढाँचा लागु भए पश्चात सन् २०१५ देखि २०१९ र सन् २०२० देखि २०२२ सम्मको तथ्यांकलाई हेर्दा पहिरोबाट मृत्यु हुनेको संख्या १११ प्रति बर्षबाट बढेर १९३ पुगेको छ भने पूर्व सूचना प्रणालीमा भएको विकासको कारण बाढिबाट मृत्यु हुनेको संख्या ७१ बाट घटेर ४१ मा झरेको छ । यस तथ्यांकले सूचनाको माध्यमबाट पूर्वानुमान गरेर ब्यापक जनधनको क्षती न्यूनीकरण गर्न सकीने कुरा इंगीत गरेको छ । अतः पछिल्ला दिनहरूमा विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा  पूर्वानुमानमा आधारित अग्रिम कार्यहरु विश्वका धेरै स्थानमा प्रचलनमा आइसकेको छ । नेपालमा पनि प्रवल सम्भावना बोकेको पूर्वानुमानमा आधारीत अग्रिम कार्यका (Anticipatory Action based on Early Warning) सम्बन्धमा सन् २०२३ मा अक्सफाम नेपालले एक अध्ययन गरेको थियो, जसलाई मध्यनजर गरी यो नीति संक्षेप तयार गरीएको छ ।

## पूर्वानुमानमा आधारित अग्रिम कार्यको आवश्यकता

जलवायु परिवर्तनले हिमालय क्षेत्रमा पर्ने देशहरू, त्यसमा पनि विशेष गरी नेपालमा जल तथा मौसमजन्य प्रकोपहरूको आवृत्ति (Frequency) र गम्भीरतालाई बढाइरहेको छ भन्ने कुरा विभिन्न समयमा भएका अनुसन्धानबाट प्राप्त प्रमाणहरूले पुष्टि गर्दछ । उच्च गरिबी, न्यून साक्षरता दर, योजना बिहीन द्रुत शहरीकरण र अपर्याप्त पूर्वाधार अनि सामाजिक-आर्थिक अवस्थाले देशको प्रकोप जोखिमलाई अझ बढाएको छ । पूर्वतयारीको अभाव र विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक सूचना प्रणाली लगायतका संयन्त्रको अपर्याप्तताले पनि विपद् जोखिममा योगदान पुर्‍याएको छ ।

यस सन्दर्भमा, नेपालमा सम्भावित विपद्को प्रभावलाई न्यूनीकरण गर्ने लक्ष्य राखेर जनधनको क्षती न्यूनीकरण गर्न पूर्वानुमानमा आधारित अग्रिम कार्यको आवश्यकता देखिएको छ । प्रतिकार्य र पुनर्लाभमा हुने खर्च पूर्वतयारी र अल्पीकरणको लागतको तुलनामा धेरै बढी हुने नेपाल जस्तो देशमा यस्तो कार्य विशेष गरी महत्वपुर्ण हुन्छ । अग्रिम कार्यले सामुदायिक उत्थानशिलता  बढाउनका साथै सम्भावित मानवीय तथा आर्थिक नोक्सानी कम गर्न मद्दत गर्न सक्छ । यसले जोखिममा रहेका समुदायहरूलाई अझ प्रभावकारी रूपले स्थानीय स्तरका प्रतिकार्य आफै गर्न र उनीहरूलाई प्रभावकारी रूपमा पूर्वतयारी गर्नमा संक्षम बनाउँदछ ।

## नेपालमा पूर्वानुमानमा आधारित अग्रिम कार्यको अवधारणा

नेपालमा पूर्वानुमानमा आधारित अग्रिम कार्य विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा नयाँ अवधारणा हो । सन् २०१५ को गोरखा भूकम्पको प्रतिकार्यमा विभिन्न विकास साझेदारहरूले सुरूवात गरेको नगद सहायता वितरणले पूर्वानुमानमा आधरित प्रतिकार्यको लागि आधारशिला तयार गरेको थियो । यस बिचमा पूर्व सूचना प्रणालीको विकास र बिस्तारमा भएका प्रयास तथा विभिन्न विकास साझेदारहरूले नमूना योजनाको रूपमा प्रयोगमा ल्याएका पूर्वानुमानमा आधारीत अग्रिम कार्यले नेपालमा यसको बलियो सम्भावना देखाएको छ ।

नेपालको सन्दर्भमा पूर्वानुमानमा आधारित अग्रिम कार्यले दीर्घकालीन जलवायु परिवर्तन अनुकूलनका रणनीतिहरूमा पूर्व सूचना प्रणालीलाई आत्मसाथ गर्दै जानुपर्ने देखिन्छ । एउटा विस्तृत पूर्वानुमानमा आधारित अग्रिम कार्यको कार्यढाँचामा सम्भावित बहु-प्रकोपका प्रभावहरूलाई सम्बोधन गर्न वैज्ञानिक पूर्वानुमान, रैथाने ज्ञान, सीप र अभ्यासलाई समेत आत्मसाथ गर्दै प्राविधिक र सामाजिक दुवै पक्षहरूलाई समावेश गर्नुपर्ने देखिन्छ । अर्कोतर्फ पूर्व सूचना प्रणालीलाई समुदायसम्म विस्तार गरी समुदायको क्षमता अभिवृद्धि गर्न पूर्वानुमानमा आधारित अग्रिम कार्यको प्रभावकारीता अभिबृद्धि गर्न सकिने देखिन्छ । समग्रमा देशमा बढिरहेको विपद्को संकटासन्नताको अवस्थालाई हेर्ने हो भने पूर्वानुमानमा आधारित अग्रिम कार्यले समुदायको उत्थानशिलता बढाउनका साथै उनीहरूको जनधनको क्षती न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ र सबै सरोकारवालाहरूले संयुक्त प्रयास र आवश्यक लगानी गरेमा विपद् पूर्वतयारी तथा पूर्वानुमानमा आधारित अग्रिम कार्यले अझ बढी प्रभावकारिता हासिल गर्न मद्दत पुग्दछ ।

# मुख्य निष्कर्षहरू

## संघिय तहमा पूर्वानुमानमा आधारीत अग्रिम कार्य

नेपालको सन्दर्भमा विपद् जोखिम न्यूनीकरण रणनैतिक राष्ट्रिय कार्ययोजना (सन् २०१८-२०३०) र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति (२०७५) ले पूर्वानुमानमा आधारित पूर्वतयारी योजनाको प्रावधानलाई नीतिगत आधार तयार गरेको छ । यस रणनीतिले संघीय विपद् व्यवस्थापनलाई निर्देशित गरेको छ, तर पूर्वानुमानमा आधारीत अग्रिम कार्यको लागि आवश्यक नगद वितरण जस्ता पक्षहरूको नीतिगत रिक्तता रहेको छ । अर्को तर्फ सन् २०१९ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना भए पछि पनि गृह मन्त्रालय अन्तर्गत विपद् तथा द्वन्द व्यवस्थापन महाशाखा रहेको र प्राधिकरणले पूर्वानुमानमा आधारित अग्रिम कार्यसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरू आयोजना गर्दा पनि गृह मन्त्रालय पूर्वानुमानमा आधारित अग्रिम कार्यप्रति खासै सकारात्मक नभएको कुरा इंगित गरेको छ । विगतमा केहि विकास साझेदारहरूले बाढीको पूर्वानुमानमा आधारित अग्रिम प्रतिकार्य गर्दा, पूर्वानुमानमा केही तल माथि हुन गई नगद सहायता पाएकाहरू बाढी प्रभावीत नभएको तर बाढी प्रभावीतहरूले कुनै सहायता नपाएकोले सामाजिक द्वन्द बढ्ने अवस्था सृजना भएको उदाहरण देखाउदै गृह मन्त्रालयले यस बिषयमा सकारात्मक राय नराख्ने गरेको छ ।

अर्को तर्फ, नगद वितरण जस्ता कार्यहरूलाई आधिकारिकता प्रदान गर्ने मार्गदर्शक दस्तावेजहरूको अभावको कारण गृह मन्त्रालयले विशेष गरी पूर्वानुमानमा आधारित पुर्व सूचनाको भरमा प्रकोप पूर्व नगद वितरणलाई निरूत्साहित गर्ने गरेको छ । विपद् प्रभावित उद्धार तथा राहत सम्बन्धी मापदण्ड २०७७ (सातौं संशोधन) ले मानवीय संस्थाहरूलाई विपद् व्यवस्थापन कोषमा नगद जम्मा गर्न सक्ने तर स्वयं वितरण गर्ने कुरामा भने रोक लगाएको छ । संघीय स्तरमा विपद्को बेलामा मानवीय संस्थाहरूको लागि नगद प्रवाह गर्नलाई कुनै निर्देशिका हाल उपलब्ध छैन र यसै विषयलाई लिएर गृह मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि सम्मिलित अन्तर मन्त्रालयस्तरीय कार्यदलले नगद वितरण निर्देशिका बनाउनका लागि प्रयास थालेको भने करिब ३ वर्ष भइसकेको छ, जुनकार्य अझै खेस्राMै सिमित रहेको छ । उक्त निर्देशिकाको अभावमा पनि राष्ट्र संघीय निकाय तथा मानवीय संस्थाहरूले विपद् प्रभावितहरूलाई कुनै न कुनै रूपमा नगद वितरण भने गरि नै रहेका छन् ।

प्राधिकरणले भने पछिल्ला बर्षहरूमा यस विषयलाई संस्थागत गर्न प्रयत्न गरेको देखिन्छ । माथि उल्लेख भए झैं विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय कार्यशालाको आयोजना तथा कार्यदल समेत गठन गरेको छ । सन् २०२१ मा विपद् संवेदनशील सामाजिक सुरक्षा सम्बन्धि कार्यदलको गठन गरी मस्यौदा विपद् संवेदनशील सामाजिक सुरक्षा मार्गदर्शन समेत निर्माण गरेको छ । प्राधिकरणका अनुसार पूर्वानुमानमा आधारीत अग्रिम कार्य विपद् संवेदनशील सामाजिक सुरक्षाको एक अंश हो । प्राधिकरणले मनसुन पूर्वतयारी तथा प्रतीकार्य योजना २०८० मा संयुक्त राष्ट्र संघिय निकायले चाँही पूर्वानुमानमा आधारीत अग्रिम कार्य गर्न सक्ने छ भनेर उल्लेख गरेको छ । यसै बिच तिन बर्ष पहिले राष्ट्रिय योजना आयोगले तयार पारेको एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना डीसेम्बर २०२३ मा मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ । विपद् संवेदनशील सामाजिक सुरक्षाको बिषयवस्तुलाई बिस्तृत रूपमा उठान गरेको यो दस्तावेज मन्त्रिपरिषद्बाट पारीत हुनु र प्राधिकरणले पूर्वानुमानमा आधारीत अग्रिम कार्य विपद् संवेदनशील सामाजिक सुरक्षाको अभिन्न अङ्गको रूपमा स्वीकार गरेकाले अबका दिनमा यस विषयमा उल्लेखनीय प्रगति हुने अपेक्षा गर्न सकिन्छ ।

## प्रदेश तहमा पूर्वानुमानमा आधारीत अग्रिम कार्य

नेपालको संविधान तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७४ ले प्रदेश सरकारलाई संघीय सरकार सरह नै आफ्नो क्षेत्राधिकार दिएको छ । तथापी पूर्वानुमानमा आधारित अग्रिम कार्यको सन्दर्भमा कुरा गर्दा नीतिगत रूपमा धेरै काम गर्नु पर्ने देखिन्छ । पूर्वानुमानमा आधारित अग्रिम कार्यको उपयुक्त वातावरण सम्बन्धमा संघीय तह र प्रदेश तहलाई तुलना गर्दा, प्रदेशमा खासै उपलब्धि भएका छैनन् । यद्यपी प्रदेशहरूबाट सबै स्थानीय तहहरूमा बहु-प्रकोपको मुल्यांकन, अनुगमन, बहु-प्रकोपीय पूर्व सूचना प्रणाली, विपद् जोखिमका सूचना तथा लेखाजोखाको उपलब्धता र पहुँचलाई बढाउने र स्थानीय तहहरू प्रभावकारी पूर्व सूचना प्रणालीमा आबद्ध हुनु पर्छ भन्ने कुरामा केही हदसम्म उपलब्धि भएको देखिन्छ । यसले प्रकारान्तरमा पूर्वानुमानमा आधारित अग्रिम कार्यको लागि उपयुक्त वातावरण बनाउन सक्दछ ।

# नेपालमा पूर्वानुमानमा आधारित अग्रिमकार्य ।

### युनिसेफ र नेपाल सरकार बीचको सहकार्य २०१५

भूकम्प राहतको लागि सामाजिक सुरक्षा प्रणालीको प्रयोग

सुरूवातमा **३३४,०००** मानिसहरू लाभान्वित, **३५०,०००** बालबालिकाहरू समावेश

### बाढीको लागि पूर्वानुमानमा आधारित अग्रिम कार्य, २०१६

विश्व खाद्य कार्यक्रम, डेनिस रेडक्रस र प्राक्टिकल एक्सन

### बाढीका लागि पूर्वानुमानमा आधारित अग्रिम कार्य, २०१८

नेपाल रेडक्रस र क्लाइमेट सेन्टर

### पूर्वानुमनमा आधारित अग्रिम कार्यका पहललाई सुदृढीकरण, २०२२

- स्टार्ट फन्ड, केयर नेपाल, मर्सी कोर, एक्सन एड तथा अन्य
- आवासीय संयोजकको नेतृत्वमा राष्ट्र संघीय निकायहरू
- सेभ द चिल्ड्रेन द्वारा शितलहरका लागि पूर्वानुमानमा आधारित अग्रिम कार्य निर्देशिका
- मर्सी कोरले विपद जोखिमका लागि M-RED कार्यक्रम
- पूर्वानुमानमा आधारित अग्रिम कार्य विषयक पहिलो राष्ट्रिय संवाद

### पूर्वानुमनमा आधारित अग्रिम कार्य र सामाजिक सुरक्षाको एकीकरण, २०२०

लुम्बिनी प्रदेश र सुदुर पश्चिम प्रदेशमा नेपाल रेडक्रस, डेनिस रेडक्रस र एचआई र ईयु पिपल इन निड र युरोपियन युनियनको दोश्रो चरणको परियोजना

### विस्तार र एकीकरण २०२३

- स्टार्ट फन्ड- अलर्टमा आधारित
- नेपाल रेडक्रसको पूर्वानुमानमा आधारित स्ट्रंग परियोजना
- डिसिए द्वारा बाढीको लागि पूर्वानुमानमा आधारित मानवीय प्रतिकार्यको परिक्षण
- नेपाल रेडक्रस गढवा र बबईमा इन्कोर परियोजना
- युएनएफपीए, युनिसेफ, युएन वोमन, डब्लुएचओ र डब्लुएफपीको सर्फ परियोजना
- पूर्वानुमानमा आधारित अग्रिम कार्यको विषयमा दोश्रो राष्ट्रिय संवाद
- पूर्वानुमानमा आधारित अग्रिम कार्यको सातौं एशिया-प्रशान्त संवाद मंचको आयोजना
- एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०२३ स्वीकृत

## स्थानीय तहमा पूर्वानुमानमा आधारीत अग्रिम कार्य

नेपालको संविधान तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७४ ले प्रदेश सरकारलाई जस्तै स्थानीय सरकारलाई पनि पर्याप्त अधिकार दिएको छ । यद्यपि अधिकांश स्थानीय सरकारसँग पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रिम कार्य गर्न आवश्यक नीतिगत व्यवस्थाको अभाव रहेको देखिन्छ । यधपी, दोधारा चाँदनी नगरपालिका लगायतले विकास साझेदारहरूको सहयोगमा लिड समय (Lead Time) सहितको पुर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि बनाएको छन् । त्यस्तै नरैनापुर, राप्ती सोनारी जस्ता केहि स्थानीय सरकारहरूले पनि विकास साझेदारहरूको सहायेगमा शितलहरको प्रभावलाई सम्बोधन गर्न सो सम्बन्धी पूर्वानुमानमा आधारित अग्रिम कार्य निर्देशिका बनाएका छन् । कतिपय स्थानीय सरकारले नीतिगत व्यवस्था नभए पनि विकास साझेदारहरूको सहयोगमा पूर्वानुमानमा आधारीत अग्रिम कार्य गर्दै आइरहेका छन् । पूर्वानुमानमा आधारीत अग्रिम कार्यको लागि आवश्यक अङ्को रूपमा रहेको नगद सहायता वितरण भने विभिन्न स्थानीय सरकारले विकास साझेदारको सहयोगमा गर्ने गरेका छन् । अर्को तर्फ समूदायमा पूर्व सूचना प्रणाली सम्बन्धी व्यापक सचेतना भएमा पूर्वानुमानमा आधारीत अग्रिम कार्य गर्न सजिलो हुन्छ भनेर वीरेन्द्र नगर नगरपालिका लगायतका स्थानीय सरकारहरूले आफ्ना विद्यालयहरूको शैक्षिक पाठ्यक्रममा पुर्व सूचनालाई समावेश गरि एउटा राम्रो पहलको शुरूवात गरेका छन् ।

यद्यपि, वैदेशिक सहायता परिचालन मापदण्ड २०७६ को व्यवस्था अनुसार प्रदेश तथा स्थानीय सरकारले अन्तर्राष्ट्रिय संस्थाहरूबाट प्राप्त सहायतालाई परिचालन गर्दा त्यस्तो सहायता प्रदान गर्ने संघसंस्थाहरूले वार्षिक रूपमा आफ्नो कार्यक्रम स्वीकृत गरी प्रदेश र स्थानीय सरकारहरूसँगको सहकार्यमा कार्यान्वयन गर्न पाउने प्रावधान छ । तर यो मापदण्ड अनुसरण गर्दा लामो समय लाग्ने भएकोले, विकास साझेदारहरूले पूर्वानुमानमा आधारीत अग्रिम कार्यहरु यो प्रावधान अनुसरण नगरी गर्ने गरेका छन् । यदि प्रदेश तथा स्थानीय सरकारहरूमा पूर्वानुमानमा आधारीत अग्रिम कार्य सम्बन्धी आवश्यक व्यवस्था भएमा, सायद स्थानीय सरकारहरूले यस सम्बन्धी नीतिगत व्यवस्था पारीत गरी काम गर्न सहज वातावरण हुने थियो । कतिपय स्थानीय सरकारहरु, संघिय सरकार र प्रदेश सरकारले नगरेको व्यवस्था गर्दा, पछि कानुनी झमेला हुने पक्षलाई ख्याल गर्दै पूर्वानुमानमा आधारीत अग्रिम कार्य कार्यान्वयन गर्ने मामिलामा उदासीनता देखाउने गरेका पनि छन् ।

## पूर्वानुमानमा आधारित अग्रिम कार्यको कार्यान्वयन र विकास साझेदारहरुको अनुभव

नेपालमा खासगरी जल तथा मौसमको क्षेत्रमा बहु-प्रकोप पूर्व सूचना प्रणालीको अभावको कारण पूर्वानुमानमा आधारित अग्रिम कार्यलाई कार्यान्वयन गर्ने कारक (Trigger) लाई पहिचान गर्नमा ठुलो चुनौती रहेको छ । यसका वावजुद पनि केहि विकास साझेदारहरूले आ-आफ्नो कार्यक्षेत्रहरूमा नमुना पूर्वानुमानमा आधारित अग्रिम कार्यका पहलहरूलाई परीक्षण गर्नेकार्य गरिरहेका छन् । जल तथा मौसमको तथ्यांकले सम्भावित बाढी क्षेत्रलाई देखाउन सक्छ तर यकिन तरिकाले कुन निश्चित घर प्रभावित हुदैछ भनेर भन्न सक्दैन र यसमा नयाँ विज्ञान विभागको प्रविधिको प्रयोग गर्दै थप कार्य गर्न आवश्यक देखिन्छ । केहि विकास साझेदारहरूले पूर्वानुमान आधारीत अग्रिम कार्य गर्दा छनौटमा परेका लाभग्राहीहरू विपद्‌बाट प्रभावित नहुने तर छनौटमा नपरेकाहरू प्रभावित हुने अवस्था सृजना हुने गरेको छ । त्यसैले केहि स्थानीय तहहरूले पूर्वानुमानकै भरमा विपद्‌पूर्व नगद वितरण गर्ने कार्यप्रति भरोसा नराखेको अनुभव छ । तर केही विकास साझेदारहरू यस्तो अवस्थामा खेद मान्न नहुने (No regret) सिद्धान्तलाई आत्मसाथ गर्दै अघि बढ्नुपर्ने कुरामा जोड दिने गरेका छन् । केहीले भने सबैलाई सहयोग गर्ने अवधारणा (Blanket approach) भन्दा फरक तरिकाले, समुदायसँग बसी, छलफल गरि सबैभन्दा संकटासन्न घरधुरीको पहिचान गरी, पूर्वानुमानमा आधारीत अग्रिम कार्य स्वरूप, नगद लगायत अन्य सहयोग गर्दा समस्या नआउने धारणा व्यक्त गर्ने गरेका छन् । केही विकास साझेदार भने आफुहरूले गरेका विपद्‌पूर्वका कार्यलाई पनि पूर्वानुमानमा आधारित अग्रिम कार्यको एउटा भागको रूपमा व्याख्या गर्ने गरेका छन् । जस्तै पुर्व सूचना बारेमा समुदायलाई सचेतीकरण, राहत सामाग्रीको भण्डारण र पुर्व सूचना प्रणालीको सुदृढीकरण र अन्य सान्दर्भीक कार्यहरु ।

### पूर्वानुमानमा आधारित अग्रीम कार्यको कार्यान्वयन का चुनौतीहरूः-

- वैज्ञानिक प्रविधि संग सम्बन्ध रहेकोले स्थानिय समुदायमा प्रविधि प्रतिको स्पष्टतामा कमि रहेको छ ।
- पूर्वानुमानको अनिश्चितता भएकोले पूर्व योजन कार्यान्वयनमा कठिनाई रहेको छ।
- विपद पूर्व नगद हस्तान्तरण गर्ने स्पष्ट निर्देशिका तथा नितीगत व्यवस्थाका अमाव ।
- पू. आ. अ. का. को वेग्लै निती को अभाव मा यस कार्यको दिगोपना हासिल गर्न कठिनाई रहेको छ ।
- अन्तर-मन्त्रालय र विभागहरूको समन्वयको अभावमा क्षेत्रगत प्रभावहरूको आंकलनमा स्पष्टता नरहेकाले स्थानिय समुदायसम्म संभावित पूर्व कार्य र असर को वारेमा कम जानकारी रहेको छ ।

> "जल तथा मौसमको तथ्यांकले सम्भावित बाढी क्षेत्रलाई देखाउन सक्छ तर यकिन तरिकाले कुन निश्चित घर प्रभावित हुदैछ भनेर भन्न सक्दैन र यसमा नयाँ प्रविधिको प्रयोग गर्दै थप कार्य गर्न आवश्यक देखिन्छ ।



फोटोग्राफरः पुन वाइ नाङ / अक्सफाम



सुदूरपश्चिम प्रदेशको बैतडी जिल्लाका सामुदायिक सदस्यहरु पहिरो चेतावनी एपको प्रयोग देखाउँदै। फोटोग्राफरः कुइ बी / अक्सफाम

## पूर्वानुमानमा आधारित पुर्वकार्यमा लैङ्गिक समानता तथा सामाजीक समावेशीकरणको विश्लेषण

उल्लिखीत अध्ययनले, जलवायु परिवर्तन र विपद्हरूले पुरूष र महिलाहरूलाई कसरी फरक रूपमा असर गर्छ भनेर भिन्नता रहेको देखाएको छ । महिला र पुरूषको विपद् व्यवस्थापनको भूमिका, पूर्व सूचना प्रणालीमा पहुँच, निर्णय प्रक्रिया, संकटासन्नता जुध्ने क्षमता, सहभागीता जस्ता विषयमा तुलना गर्दा २९ प्रतिशतले महिलाहरू पछि रहेको अध्ययनले जनाएको छ । हालैका दिनमा पुरूषहरू अवसरको खोजीमा वैदेशिक रोजगारी लगायतका कारण आफ्नो थाकथलोमा प्रायः नबस्ने तर महिलाहरू घरायसी काम र बालबालिकाको हेरचाहमा केन्द्रीत हुने हुँदा, स्थानीय विपद्ले महिलाहरूलाईनै बढि प्रभावीत पार्ने गरेको छ । अर्कोतर्फ नेपालको ग्रामीण परीवेशमा पुरूषको तुलनामा महिलाको साक्षरता कम रहेको, सूचना प्रवीधीको पहुँच कम भएकोले पनि पूर्वानुमानमा आधारीत अग्रिम कार्यको अभिन्न अङ्ग, पूर्व सूचना प्रणालीलाई कसरी यस्ता ग्रामीण महिलासम्म पुर्याउने भन्नेमा थप काम गर्नुपर्ने देखिन्छ । यसका अलावा दृष्टि, सुनाई बोलाई सम्बन्धी तथा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई पूर्व सूचना कसरी समयमै संप्रेषण गर्ने भन्नेमा थप कार्य गर्नु पर्ने देखिन्छ । यसरी लैङ्गिक समानता र सामाजिक समावेशिकरणलाई आत्मसाथ गर्दा मात्र कोही नछुटुन भन्ने मान्यतालाई आत्मसाथ गर्दै पूर्वानुमान आधारीत अग्रिम कार्य गर्ने आधारशिला तयार हुन सक्दछ ।

"

महिला र पुरूषको विपद् व्यवस्थापनको भूमिका, पूर्व सूचना प्रणालीमा पहुँच, निर्णय प्रक्रिया, संकटासन्नतामा जुध्ने क्षमता, सहभागीता जस्ता विषयमा तुलना गर्दा २९ प्रतिशतले महिलाहरू पछि रहेको अध्ययनले जनाएको छ ।

## सुझावहरु

नितीगत तथा स्थलगत अध्ययन र विश्लेषणको आधारमा सम्बन्धित सरोकारवाला साथै तीनै तहका सरकारहरूका लागि निम्नानुसारका सुझावहरू दिइएको छ ।

## संघीय तथा प्रदेश सरकार

- संघीय सरकारले स्पष्ट र विस्तृत नगद सहायता वितरणको निर्देशिका बनाउने कार्यलाई प्राथमिकतामा राख्नु पर्दछ । यस निर्देशिकामा स्पष्ट रूपले सरकारी र गैरसरकारी निकायहरूले विपद्पुर्व र पश्चात संमन्वयात्मक ढंगले गर्ने प्रतिकार्यलाई सुनिश्चित गर्दै उनीहरूको भूमिका, जिम्मेवारीहरू तोक्नु पर्दछ ।
- नगद सहायता वितरण गर्न, गैरसरकारी संस्थाहरूका लागि आवश्यक नीतिगत प्रावधानहरूको निर्माण गर्नु पर्दछ । सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका नीति तथा अन्य दस्तावेजहरूमा पूर्वानुमानमा आधारित अग्रिम कार्यको अवधारणालाई समेट्दै जानु पर्दछ ।
- पूर्वानुमानमा आधारित अग्रिम कार्य लगायत विपद् जोखिम न्यूनीकरणका गतिविधिहरूलाई प्राविधिक सहयोग र वित्तीय सहायता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय संस्था र दातृ निकायहरूसँग संवाद र सहकार्य गर्नुपर्दछ ।
- प्रदेश सरकारहरूले आफूसँग भएको पूर्व सूचना प्रणालीको रणनीतिक योजनामा उल्लेख भएको क्रियाकलापहरूलाई प्राथमिकतामा राखी प्रदेशको लागि पूर्वानुमानमा आधारीत अग्रिम कार्यको नीतिगत व्यवस्था गर्नुपर्दछ ।

## स्थानीय सरकार

- स्थानीय तहमा क्षमता अभिवृद्धि, अनुगमन र जोखिम सम्बन्धि ज्ञानलाई ध्यानमा राख्दै समुदायमा आधारित पूर्व सूचना प्रणालीलाई सुदृढिकरण गर्नु पर्दछ ।
- पूर्वानुमानमा आधारित अग्रिमकार्यको नमुना परीक्षण गरी यस अवधारणालाई अपनाउन र मान्यता दिलाउन प्रदेश तथा संघीय सरकारसँग सहकार्य गर्नु पर्छ ।
- विकास साझेदारबाट आर्थिक तथा प्राविधिक सहयोग लिई पूर्वानुमानमा आधारित अग्रिम कार्यलाई परीक्षण गर्दै अध्यावधिक गर्दै निरन्तर सिकाईलाई संस्थागत गर्ने ।
- पूर्वानुमानमा आधारित अग्रिम कार्यको विस्तृत निर्देशिका बनाउनको लागि पहल गर्ने र यसको मुख्य आयामहरूलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा समाहित गर्ने ।
- पूर्वानुमानमा आधारित अग्रिम कार्यलाई समेत सहयोग पुग्ने गरी आवश्यक भूमिका र जिम्मेवारी सहितको स्पष्ट र विस्तृत प्रावधान सहितको नगद वितरणको संयन्त्र बनाउने ।
- सबै समुदायहरूको विशिष्ट जोखिम र संकटासन्नतालाई सम्बोधन गर्ने गरी स्थानीय तहमा पूर्वानुमानमा आधारित अग्रिम कार्य योजनाको निर्माण गर्ने र त्यसलाई कार्यन्वयन गर्ने ।

**अक्सफाम नेपाल**
जावलाखेल, वार्ड नं. ५, ललितपुर
पो.ब.नं. २५००, काठमाण्डौ, नेपाल

फोन : +९७७ -१-५४५०११९/५४२९४४३/
५४४४३०८/५४३०५७४/५४२३१९७
फ्याक्स : +९७७ -१-५४२३१९७
https://nepal.oxfam.org, www.oxfam.org
https://www.facebook.com/OxfamInNepal,
https://www.instagram.com/oxfaminnepal,
https://x.com/OxfamInNepal